यस बाँसगढी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री खड्क बहादुर खड्का ज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बैठक बसि देहायका प्रशताव उपर छलफल गरि निर्णय गरियो ।

बैठक नं. १४२

मितिः-२०८२/०७/१७

समयः- दिनको १:०० बजे

स्थानः- नगर कार्यपालिका भवन बाँसगढी ,बर्दिया

<u>बैठकमा भएको उपस्थितिः</u>

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खड्क बहादुर खड्का | नगर प्रमुख | |
| २ | इन्दिरा चौधरी | नगर उपप्रमुख | |
| ३ | जयराज पाण्डे | कार्यपालिका सदस्य | |
| ४ | अर्जुन कुमार खड्का | कार्यपालिका सदस्य | |
| ५ | रामचन्द्र थारु | कार्यपालिका सदस्य | |
| ६ | कृष्णप्रसाद बास्तोला | कार्यपालिका सदस्य | |
| ७ | दहवा थारु | कार्यपालिका सदस्य | |
| ८ | लाल बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| ९ | बलिराम चौधरी | कार्यपालिका सदस्य | |
| १० | तुलप्रसाद गौतम | कार्यपालिका सदस्य | |
| ११ | चन्द्र बहादुर शाही | कार्यपालिका सदस्य | |
| १२ | बुद्धिमाया सार्की | कार्यपालिका सदस्य | बुद्धिमाया |
| १३ | सरिता तिवारी | कार्यपालिका सदस्य | सरिता |
| १४ | मनिता चौधरी | कार्यपालिका सदस्य | मनिता |
| १५ | राधिका रावत | कार्यपालिका सदस्य | |
| १६ | जेनिसा वली | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १७ | गगन सिं बि. क. | कार्यपालिका सदस्य | |
| १८ | याम बहादुर सुनार | कार्यपालिका सदस्य | [signature] |
| १९ | भद्र बहादुर परियार | कार्यपालिका सदस्य | [signature] |
| २० | नेब बहादुर वली | सचिव | [signature] |

<u>बैठक ब्यवस्थापनमा उपस्थित कर्मचारीहरु</u>

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | |
|---|---|---|---|---|
| १ | दुर्गालाल अधिकारी | Urban planner | [signature] | परामर्शदाता (Ripple Temple Country) |
| २ | रविन्द्र पवाडी | ए./... " | [signature] | पटाम स्टुडियो (Unni) |
| ३ | मन प्रसाद रेग्मी | व. शिक्षा निरीक्षक | [signature] | |
| ४ | खड्ग ब. वली | प्र. अ. | [signature] | |
| ५ | कुल ब. विष्ट | अ. स्वा. का | [signature] | |

६. बलराम पौडेल इन्जिनियर [signature]

७. संजिव रवाल ले. प. अ. [signature]

८) नविन मल्ल IT अफिसर [signature]

९)

बाँसगढी नगरपालिका नगर कार्यपलिको बैठक नं.१४२ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८२/०७/१७ समय:दिनको १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख श्री खडक बहादुर खड्का

प्रस्ताव नं.: १

प्रस्तावको विषय: बाँसगढी नगरपलिकाको प्रथम आवधिक योजना मस्यौदा प्रतिबेदन सम्बन्धमा ।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : बाँसगढी नगरपलिकाको प्रथम आवधिक योजना मस्यौदा प्रतिबेदन सम्बन्धमा ।

भएको निर्णय : यस बाँसगढी नगरपालिकाको प्रथम आवधिक योजना निर्माण सम्बन्धि मस्यौदा प्रतिबेदन परामर्शदाता द्धारा कार्यपालिका बैठकमा छलफल तथा आवश्यक सुझावका लागि प्रस्तुत भयो। छलफलका लागि पेश गरिएको उक्त प्रथम आवधिक योजना निर्माण सम्बन्धि मस्यौदा प्रतिबेदनलाई राय सुझाव सहित पारित गर्ने।

प्रस्ताव नं.: २

प्रस्तावको विषब: बाँसगढी नगरपालिकाको नगर यातायात गुरु योजना मस्यौदा प्रतिबेदन सम्बन्धमा।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : बाँसगढी नगरपालिकाको नगर यातायात गुरु योजना मस्यौदा प्रतिबेदन सम्बन्धमा।

भएको निर्णय : यस बाँसगढी नगरपालिकाको नगर यातायात गुरु योजना निर्माण सम्बन्धि मस्यौदा प्रतिबेदन परामर्शदाता द्धारा कार्यपालिका बैठकमा छलफल तथा आवश्यक सुझावका लागि प्रस्तुत भयो। छलफलका लागि पेश गरिएको उक्त नगर यातायात गुरु योजना निर्माण सम्बन्धि मस्यौदा प्रतिबेदनलाई राय सुझाव सहित पारित गर्ने।

प्रस्ताव नं.: ३

प्रस्तावको विषय: आर्थिक सहायता सम्बन्धमा ।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : आर्थिक सहायता सम्बन्धमा ।

भएको निर्णय : यस बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा बिभिन्न मितिमा आर्थिक सहयोगको लागि माग भई आएको हुँदा निम्न अनुसारका ब्यक्तिहरुलाई अन्य सामाजिक सुरक्षा शीर्षक तथा प्रकोप व्यवस्थापन कोष बाट तपसिल अनुसारको आर्थिक सहयोग प्रदान गर्ने।

तपसिल

| सि.नं. | ब्यक्तिको नाम र ठेगाना | सहयोग गर्नु पर्ने कारण | सहयोग गर्ने निर्णय भएको रकम | रकम ब्यहोर्ने शीर्षक |
|---|---|---|---|---|
| १ | देउमती मगर्नी बाँसगढी ८ बर्दिया | निजको पति राम बहादुर मगर उच्च रक्तचापका कारण हाल आई.सि.यु.मा उपचार भैरहैकोले थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |
| २ | बिकास सुबेदी बाँसगढी ३ बर्दिया | निजको टाउकोमा चोट पटक लागेको हुँदा टाउको अप्रेशन भई उपचार भैरहेकाले थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |

नेत्र बहादुर चली
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३ | हर्क बहादुर दमाई बाँसगढी १ बर्दिया | बाँसगढी नगरपालिका वडा नं. १ बस्ने स्व.लाल बहादुर गुरुङको शव जलाउने क्रममा निजको दुबै खुट्टा जलेर घाइते भएकोले थप उपचारको लागि | ८,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |
| ४ | शिला कुमारी थारु बाँसगढी ३ बर्दिया | निजको पति राधेकिशुन थारु मृगौला र मुटुको रोगबाट पिडित भई उपचार भैरहेको थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |
| ५ | लौटन थारु बाँसगढी ३ बर्दिया | निजको दुबै मृगौलामा पत्थरी भई अप्रेशन गर्नु पर्ने भएकाले थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |
| ६ | शिषिर पौडेल बाँसगढी ३ बर्दिया | निज मानसिक रोग बाट पिडित भई उपचर गराईरहेको थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |
| ७ | कर्ण बहादुर लोहार बाँसगढी ३ बर्दिया | निजको पत्नि संगिता लोहार छाला तथा नशाको रोग बाट पिडित भई उपचार गराईरहेको थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |
| ८ | भिम बहादुर शाही बाँसगढी ९ बर्दिया | निज मृगौलाको रोग बाट पिडित भई उपचार गराइरहेको थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |
| ९ | कर्ण बहादुर बिष्ट बाँसगढी ३ बर्दिया | निजको बाबु टेक बहादुर बिष्ट उच्च रक्तचापको कारण बिरामी भई उपचार भईरहेको थप उपचारको लागि | २०,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |
| १० | गोबिन्द बहादुर वली बाँसगढी ८ बर्दिया | निजको छोरा दिनेश वली बोन म्यारो रोग बाट पिडित भई उपचार भैरहेको थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |
| ११ | पुनम कुमारी बि.क. बाँसगढी ३ बर्दिया | निजको भाई महेन्द्र सिंह बि.क. मृगौला सम्बन्धि रोग बाट पिडित भई उपचार भैरहेको थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १२ | कृष्ण बहादुर खड्का बाँसगढी १ बर्दिया | निजको बिगत बर्षा याममा आएको बाढी पहिरोको कारण निजले पालन गरेको माछा पोखरीमा क्षती पुर्याएको हुँदा राहत स्वरुप | २५,००० | प्रोप व्यवस्थापन कोष शिर्षक बाट |
| १३ | जुगनिया थारु बाँसगढी ९ बर्दिया | निजको दायाँ खुट्टा भाचिएको अप्रेशन भैसकेको थप उपचारको लागि | २५,००० | अन्य सामाजिक सुरक्षा (आर्थिक सहायता सम्बन्धि कार्यविधि बमोजिम आर्थिक सहायता खर्च) |

प्रस्ताव नं.: ४

प्रस्तावको विषय: बाँसगढी नगरपालिकाको बिभिन्न कार्यबिधि,मापदण्ड सम्बन्धमा।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : बाँसगढी नगरपालिकाको बिभिन्न कार्यबिधि,मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा।

भएको निर्णय : यस बाँसगढी नगरपालिकाको निम्न अनुसारका कार्यबिधि,मापदण्डहरु पेश भए बमोजिम स्वीकृत गर्ने।

तपशिल

१. बाँसगढी नगरपालिकाको मुक्त कमैया पूर्नःस्थापना कार्यविधि, २०८२
२. बाँसगढी नगरपालिकाको श्रम डेस्क सञ्चालन कार्यविधि, २०८२
३. बाँसगढी नगरपालिकाको नगर अस्पताल सञ्चालन कार्यविधि, २०८२
४. बाँसगढी नगरपालिकाको एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८२
५. बाँसगढी नगरपालिकाको करार कर्मचारी सेवा सुविधा सम्बन्धी ऐन; २०८२
६. बाँसगढी नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८२
७. बाँसगढी नगरपालिकाको उद्यमशिलता विकास सम्बन्धी कार्यविधि, २०८२
८. बाँसगढी नगरपालिकाको प्रथम आवधिक योजना, २०८२
९. बाँसगढी नगरपालिकाको सडक यातायात गुरुयोजना, २०८२
१०.बाँसगढी नगरपालिकाको पशु सेवा शाखाको स्वीकृत कार्यक्रम सञ्चालन कार्यबिधि,२०८२
११. बाँसगढी नगरपालिकाको स्वास्थ्य शाखाको स्वीकृत कार्यक्रम सञ्चालन कार्यबिधि,२०८२

प्रस्ताव नं.: ५

प्रस्तावको विषय: माघी महोत्सव २०८२ सम्बन्धमा।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : बाँसगढी माघी महोत्सव २०८२ सम्बन्धमा।

भएको निर्णय : थारु जातीहरुको महान पर्व माघीको अवसरमा बडघर संस्थाहरुको अगुवाईमा मिति २०८२ पौष महिनाको २८,२९ र ३० गते सम्म बाँसगढी नगरपालिकामा माघी महोत्सव २०८२ सञ्चालन हुने भएकोले उक्त माघी महोत्सव सञ्चालन गर्नको लागि नगर कार्यपालिकाको कार्यालय बाट आवश्यक सहयोग उपलब्ध गराउने।

प्रस्ताव नं.: ६

प्रस्तावको विषय: तथ्यांक संकलन सम्बन्धमा।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७।

निर्णय हुनुपर्ने विषय : बाँसगढी नगरपालिकाको तथ्यांक संकलन सम्बन्धमा।

Scanned with CamScanner

भएको निर्णय : यस बाँसगढी नगरपालिकामा बसोबास गर्ने सबै नगरबासीहरुको घरधुरीहरुको तथ्याङ्क संकलन गर्न अति आवश्यक भएकाले उक्त घरधुरी तथ्याङ्क संकलन गर्नका लागि वडा स्तर बाट १/१ जना संकलनकर्ता नाम वडा कार्यालय बाट सिफारिस गरि पठाउने ।

प्रस्ताव नं.: ७

प्रस्तावको विषय: सडक/बाटो मर्मत भुक्तानी दिने सम्बन्धमा ।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ ।

निर्णय हुनुपर्ने विषय : वडा स्तरका सडक/बाटो मर्मत भुक्तानी दिने सम्बन्धमा ।

भएको निर्णय : २०८२ सालको बर्षा यामको कारण सडक/ बाटाहरु भत्किएका खाल्डाखुल्डी भएका कारण आवात जावत गर्न असुबिधा भएकाले वडा स्तरमा सडक/ बाटाहरु मर्मत भएका भुक्तानी दिन बाँकी रहेका वडाहरुको भुक्तानी दिने र सडक/ बाटाहरु मर्मत गर्न बाँकी रहेका वडाहरुको यथासिघ्र मर्मत गर्न ब्यवस्था मिलाउने ।

प्रस्ताव नं.: ८

प्रस्तावको विषय: महिला सामाजिक जागरण शिक्षा केन्द्रको भवन निर्माण सम्बन्धमा ।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ ।

निर्णय हुनुपर्ने विषय : महिला सामाजिक जागरण शिक्षा केन्द्रको भवन निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

भएको निर्णय : यस बाँसगढी नगरपालिकामा घरेलु तथा बिभिन्न हिंसामा परेका महिलाहरुको संरक्षणको लागि महिला सेल्टर Safe House निर्माणको लागि महिला सामाजिक जागरण शिक्षा केन्द्रले भवन निर्माणको लागि जग्गा माग गरेकोले पालिकाको स्वामित्वमा रहने गरी महिला सेल्टर Safe House भवन निर्माणको उचित स्थानमा सार्वजनिक जग्गा उपलब्ध गराउने ।

प्रस्ताव नं.:९

प्रस्तावको विषय: पढ्दै कमाउदै कार्यक्रमका रुपमा स्वयम सेवक शिक्षक परिचालनका सम्बन्धमा ।

कानूनी आधारहरू : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ ।

निर्णय हुनुपर्ने विषय : पढ्दै कमाउदै कार्यक्रमका रुपमा स्वयम सेवक शिक्षक परिचालनका सम्बन्धमा ।

भएको निर्णय: बाँसगढी नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयमा नवीनतम ज्ञान र सीपको प्रयोग तथा विद्यालयमा शिक्षक अभाव हुन नदिन पढ्दै कमाउदै कार्यक्रमका रुपमा स्वयम सेवक शिक्षक परिचालनका लागि यस आवमा समेत यस अघि छनौट भइ सूचीकृत भएका स्वयम सेवक शिक्षकहरुलाई नै कार्यविधिमा भएको व्यवस्था बमोजिम हुने गरी खटाउने । साथै शैक्षिक सत्र २०८२ मा विविध कारणले शिक्षक अभाव भइ शिक्षण कार्यमा समस्या पर्ने देखिएकाले शिक्षा, युवा तथा खेलकुद शाखाबाट विद्यालयको अनुरोधमा खटाइएका स्वयम सेवक शिक्षकहरुलाई समेत यसै आवमा विनियोजन भएको बजेटबाट व्यवस्थापन गर्ने ।

**स्थानीय सरकार सञ्चालान ऐन,२०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणित गर्ने**

**नाम,थर : नेब बहादुर वली**
**कार्यपालिका सचिव एबं प्रमुख प्रशासकीय अधिकृत**
**मिति: २०८२।०७।१७ गते**

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner